सुचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सुचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सुचना सार्वजनिक गर्ने निकायको नाम : शीतोष्ण बागवानी विकास केन्द्र, मार्फा, मुस्ताङ

सुचना सार्वजनिक गरेको अवधि : २०८२ साउन देखि २०८२ असोज सम्म

निकायको स्वरुप र प्रकृति

शीतोष्ण बागवानी विकास केन्द्र मार्फा तत्कालिन श्री ५ को सरकारको तेस्रो पञ्चवर्षीय योजना कालमा भारतीय सहयोग नियोग र सरकारको संयुक्त प्रयासमा वि.सं. २०२३ सालमा अर्चाड कम नर्सरीको रुपमा स्थापना भएको हो मुस्ताङ जिल्ला घरपझोङ गाउँपालिका वार्ड नं. २, मार्फामा स्थापित यस केन्द्रले ५९ वर्षको लामो अबधिमा विभागीय संरचनामा परिवर्तन गर्दा निम्नअनुसार यस केन्द्रको नाम परिवर्तन भएको छ

1. अर्चाड कम नर्सरी थाक मार्फा २०२३ साल (५ वर्ष)
2. कृषि फार्म थाक मार्फा २०२९ साल (१३ वर्ष)
3. राष्ट्रिय शीतोष्ण बागवानी अनुसन्धान केन्द्र मार्फा २०४३ साल (८ वर्ष)
4. बागवानी केन्द्र मार्फा २०५२ साल (८ वर्ष)
5. शीतोष्ण बागवानी विकास केन्द्र मार्फा २०६१ साल (हाल सम्म)

सोही संरचना र नाम अनुसार आफ्नो क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ

स्थापनाकालमा २१ रोपनी जमिनबाट सुरु भएको यो फार्म २०२९ र २०३४/२०३५ सालमा जग्गा बढाउंदै १७६ रोपनी (१७५ रोपनी मार्फामा र १ रोपनी जोमसोममा) क्षेत्रफलमा फैलिएको थियो, यसै जिल्लाको घाँसा स्थित २०५८ माघ देखि सुरक्षा निकायले प्रयोग गरिरहेको २० रोपनी क्षेत्रफल भएको जग्गा मिति २०८२ असार १३ गते बाट यसै फार्म केन्द्रले पुन प्राप्त गरी दैनिक कृयाकलापहरु सुचारु गरिएको छ

जिल्ला कृषि विकास कार्यालयको स्थापना (वि.सं.२०३३ साल) हुनु भन्दा अगाडि सम्मको १० वर्षको अबधिमा यस केन्द्रले जिल्लाको फलफूल तथा तरकारीको मौसमी र वेमौसमी खेतीको विकासको साथै अन्य कृषि प्रसार कार्य अन्तर्गगत जिल्लाभर प्राविधिक सेवाटेवा प्रदान गरेको देखिन्छ भने अहिले पनि आफ्नो जनशक्तिले भ्याएसम्म उक्त कार्यलाई निरन्तरता दिईरहेको छ मुस्ताङको सम्भावित स्याउ क्षेत्रलाई विस्तार गर्न यस केन्द्रले कृषक स्तरमा गुणस्तरीय बेर्ना उपलब्ध गराउँदै आएको छ केन्द्रको स्थापना पहिला एक सिजनमा मात्र हरियो सागको तरकारी खाने र बाँकी समय सुख्खा तरकारीको उपयोग गर्ने यहाँका बासिन्दाहरु हाल हरियो सागपात र तरकारी (काउली, बन्दा, मुला, गाँजर, रायोसाग) वर्षैभरी र काँक्रो, सिमी, केराउ, जुकिनी, गोलभेडा, ब्रोकाउली, आदि मौसमी (असार देखि मंसिर सम्म) बिक्री तथा उपयोग गर्दछन त्यसका लागि यस केन्द्रले सिसाघर, प्लाष्टिक टनेल र गुमोज जस्ता प्रबिधिबाट माघ-फागुनको जाडोमा वेर्ना उत्पादन सुरु गरी कृषकलाई उपलब्ध गराउँदै आएको छ भने यो प्रबिधि कृषकलाई समेत तालिम मार्फत सिकाउने गरिएको छ

निकायको काम, कर्तव्य र अधिकार

स्याउ नास्पती, ओखर लगायतका शीतोष्ण फलफूलको जातीय संरक्षण एबं सम्बर्दन गर्ने

शीतोष्ण फलफूल विकास सम्बन्धी राष्ट्रिय व्यवसायिक नीति तथा योजना तर्जुमा राष्ट्रिय फलफूल विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य गर्ने

शीतोष्ण फलफूलका प्रसारण सामग्री उत्पादन तथा वितरण गर्ने

शीतोष्ण फलफूल उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकहरुलाई तालिम प्रदान गर्ने

सम्बन्धीत विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने

शीतोष्ण फलफूल विकास सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र र कृषि ज्ञान केन्द्रसँग समन्वय एवं सहकार्य गर्ने

फार्मको उत्पादकत्व एवं आम्दानी बृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार तथा सुविधाको उपयोग गर्ने

सम्बन्धीत विषयको समस्या समाधानको लागि स–साना कार्यमुखी अध्ययन परीक्षण सञ्चालन गर्ने

शीतोष्ण फलफूल विकास सम्बन्धमा राष्ट्रिय स्रोत केन्द्रको रुपमा कार्य गर्ने

जैविक विविधता संकलन, संरक्षण-सम्बर्द्धन गर्ने

खेरजाने फलफूलहरुको प्रशोधन गरी बिक्री वितरण गर्ने र कृषकहरुलाई सो सम्बन्धी तालिम दिने

बगैंचा भित्र ताजा तरकारी उत्पादन प्रबिधि प्रदर्शन गरी बगैंचा भित्र अन्तर–वाली प्रबिधिको जानकारी कृषकहरु समक्ष पुर्याउने

निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

| श्रेणी | पद | दरबन्दी | पदपूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| रा.प्र.द्धि.प्रा. | ब.बाग.बि.अ. | १ | १ | ० | |
| रा.प्र.तृ.प्रा. | बाग.बि.अ. | २ | १ | १ | |
| | बाली संरक्षण अ. | १ | १ | ० | |
| रा.प.अनं.प्र.प्रा. | प्रा.स. | ४ | २ | २ | |
| रा.प.अनं.प्र.प्र. | लेखापाल | १ | १ | ० | |
| रा.प.अनं.द्धि.प | खरिदार | १ | १ | ० | |
| श्रेणी विहिन | ह.स.चा | १ | ० | १ | १ जना करार |
| | का.स | ४ | २ | २ | २ जना करार |
| जम्मा | | १५ | ९ | ६ | |

निकायबाट प्रदान गरिने सेवा ; सेवा दिने शाखा र जिम्मेवार अधिकारी; सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि र निर्णय गर्ने र उजुरी सुन्ने अधिकारी

| क्र. सं. | प्रदान गरिने सेवाहरुको विवरण | सेवाग्रहीले पुर्‍याउनु पर्ने प्रक्रिया तथा पेश गर्नुपर्ने कागजात | सेवा बापत लाग्ने शुल्क र समय | | जिम्मेवार पदाधिकरी तथा इकाई | | गुनासो सुन्ने अधिकारी | क्षतिपुर्ति प्राप्त हुने/ नहुने |
|---|---|---|---|---|---|---|---|---|
| | | | शुल्क/ दस्तुर | समय | अधिकृत स्तर | सहायक स्तर | | |
| १. | हिउँदे फलफूल बिरुवा तथा क्रेब एप्पलको बीउ बिक्री वितरण | फलफूल शाखाबाट प्राप्त बिक्री परिमाण अनुसार नगदी रसिद काट्नु पर्ने | सरकारी दर रेट अनुसार | पौष- माघमा कार्यालय<br><br>समयभित्र तुरुन्तै | नविन भुसाल<br>(बा.बि.अं)<br>राजन नेपाली<br>(बालि सं.अ) | प्रा. स. श्री लक्ष्मण बुढा<br>प्रा. स.– श्री डम्बर सार्की<br>प्रा. स. –<br>प्रा. स. –<br>ले. पा. –<br>खरिदार<br>श्री. ठाकुर प्रसाद आचार्य | श्री. पद्मनाथ आत्रेय<br>(ब. बाग. बि. अ.) | नहुने |
| २. | ताजा हिउँदे फलफूल बिक्री वितरण | " " | तोकिएको दर रेट अनुसार | उपलब्ध भएसम्म कार्यालय<br><br>समयभित्र तुरुन्तै | " " | | " " | " |
| 3. | प्रशोधित बस्तुहरु विक्री वितरण (स्याउ तथा खुर्पानीको जाम, सुकुटी, ब्राण्डी, वाइन, साईडर) | प्रशोधन शाखाबाट प्राप्त बिक्री परिमाण अनुसार नगदी रसिद काट्नु पर्ने | " " | " " | " " | " " | " " | " |
| 4. | तरकारी बीउ/ बेर्ना तथा बीउ आलु बिक्री वितरण | तरकारी शाखाबाट प्राप्त बिक्री परिमाण अनुसार नगदी | सरकारी दर रेट अनुसार | " " | " " | " " | " " | " |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | रसिद काट्नु पर्ने | | | | | | |
| ५. | ताजा तरकारी बिक्री वितरण | " " | तोकिएको दर रेट अनुसार | " " | " " | " " | " " | " |
| ६. | फलफूल बगैंचा तथा नर्सरी स्थापना र व्यवस्थापन एवं तरकारी खेती प्रविधि बारे केन्द्र तथा पकेट क्षेत्रमा नै प्राविधिक सल्लाह/ सेवा पुर्‍याउने | सेवाग्रहीले आफै उपस्थित भै कार्यालयमा मौखिक तथा लिखित निवेदन दिने र व्यवहारिक ज्ञान लिनका लागि प्राविधिकसँग सम्पर्क गर्नुपर्ने | नि: शुल्क | केन्द्रमा कार्यालय समयमा तुरुन्तै, स्थलगत रुपमा स्वीकृत कार्यक्रम अनुसार | " " | " " | " " | " |

सुचना अधिकारी र प्रमुखको नाम र पद

सुचना अधिकारी : नविन भुसाल, बागवानी विकास अधिकृत

कार्यलय प्रमुख : पद्मनाथ आत्रेय, बरिष्ठ बागवानी विकास अधिकृत

आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

| खर्च समूह | विनियोजन/खर्च | रकम (रू. हजारमा)/प्रतिशत |
|---|---|---|
| | | प्रथम त्रैमासिक |
| पूँजीगत | विनियोजन | १००६१.०० |
| | खर्च | ४९१.०० |
| | प्रतिशत | ४.८८ |
| चालु | विनियोजन | ८०९१.०० |
| | खर्च | ५५१४.०० |

| | | |
|---|---|---|
| | प्रतिशत | ६८.१५ |
| जम्मा | विनियोजन | १८१५२.०० |
| | खर्च | ६००५.०० |
| | प्रतिशत | ३३.१ |

आम्दानी

| क्र.सं. | महिना | राजश्व |
|---|---|---|
| १. | श्रावण | ३२९८३०.०० |
| २. | भाद्र | ४२११७३.०० |
| ३. | आश्विन | २२३१०२६.७५ |
| प्रथम त्रैमासिक २०८२ को जम्मा | | २९८२०२९.०० |
| आज सम्मको जम्मा | | २९८२०२९.०० |

हाल सम्म सम्पन्न भएका कार्यक्रमहरुको विवरण :

1. ५३६ के. जी. तरकारी वीउ उत्पादन भई १२३.६१ के. जी. बिक्री भएको र ४९९.३९ के. जी. मौज्दात रहेको छ
2. ४५०० के. जी. आलुको बेसीक बीउ उत्पादन भई १६२ के. जी. बिक्री वितरण भएको र ४३३८ के.जी. मौज्दात रहेको छ
3. २३३४८ वटा फलफूल बिरूवा उत्पादन भई विक्रि बितरणको लागी तयार रहको
4. फलफूल प्रशोधनशाला संचालन गरि (ब्राण्डी, साईडर, वाईन उत्पादन तथा बिक्री) ४१९ लि. विक्रि वितरण गरिएको
5. ताजा फलफूल उत्पादन १४९९० के.जी. उत्पादन गरि विक्रिवितरण गरिएको